सधै र सबैको लागि खबर खोज्ने अभियान

खबर दर्पण


Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९



तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

♦ वर्ष १० ♦ अंक ३१ ♦ २०८३ साल कार्तिक २९ आइतवार ♦ 15 Nov 2026♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

मधेस प्रदेशका मुख्यमन्त्री यादवद्वारा पदबाट राजीनामा



खबर दर्पण समाचारदाता

कार्तिक २८ गते, बर्दिवास

मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले प्रदेशसभाबाट विश्वासको मत पाउने अवस्था नरहेपछि आज पदबाट राजीनामा दिनुभएको छ ।

विश्वासको मत लिने प्रयोजनका लागि आज बसेको प्रदेशसभा बैठकलाई सम्बोधन गर्दै उहाँले राजीनामाको घोषणा गर्नुभएको हो । नेकपा (एमाले) र नेपाली कम्युनिष्ट पार्टीले सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री यादवले विश्वासको मत पाउने अवस्था कमजोर बनेको थियो ।

मुख्यमन्त्री यादवले अङ्कगणितीय हिसाबले पदमा रहनुभन्दा जनताको सेवा र विश्वासलाई प्राथमिकता दिँदै राजीनामा दिएको बताउनुभयो ।

नेपाली कांग्रेस नेतृत्वको सरकारमा सहभागी नेकपा (एमाले) का चार मन्त्रीले गत असोज २५ गते सामूहिक र ाजीनामा दिँदै सरकारलाई दिएको समर्थन फिर्ता लिएका थिए । त्यसैगरी, नेपाली कम्युनिष्ट पार्टीका चार मन्त्रीले कात्तिक २० गते राजीनामा दिँदै समर्थन फिर्ता लिएका थिए ।

मुख्यमन्त्री यादवको राजीनामापछि मधेश प्रदेशमा अब कुन दलको नेतृत्वमा सरकार गठन हुने भन्ने टुङ्गो लागेको छैन ।

एक सय सात सदस्यीय मधेश प्रदेशसभामा सरकार गठनका लागि कम्तीमा ५४ सदस्यको समर्थन आवश्यक पर्छ । प्रदेशसभामा नेपाली कांग्रेसका २२, नेकपा (एमाले) का २३, जनता समाजवादी पार्टी नेपालका २७, नेपाली कम्युनिष्ट पार्टीका १५ र जनमत पार्टीका १२ सदस्य छन् त्यस्तै, सङ्घीय समाजवादी पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीका एक-एक सदस्य छन् ।

मधेस प्रदेशमा नयाँ सरकार गठनका लागि दाबी पेस गर्न आह्वान



खबर दर्पण समाचारदाता

कार्तिक २८ गते, बर्दिवास

मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले राजीनामा दिएसँगै मधेस प्रदेशमा नयाँ सरकार गठनको प्रक्रिया अघि बढेको छ ।

प्रदेश प्रमुखको कार्यालयले संविधानको धारा १६८ को उपधारा (२) बमोजिम मुख्यमन्त्री नियुक्तिका लागि बहुमत जुटाउन सक्ने प्रदेशसभा सदस्यलाई दाबी पेस गर्न आह्वान गरेको छ ।

मधेस प्रदेशका मुख्यमन्त्री यादवले नेपालको संविधानको धारा १६९ को उपधारा (१) को खण्ड (क) बमोजिम मुख्यमन्त्री पदबाट दिएको राजीनामा आज स्वीकृत गर्दै प्रदेश प्रमुख सुरेन्द्र लाभ कर्णले नयाँ सरकार गठनको प्रक्रिया अघि बढाइएको हो ।

संविधानको धारा १६८ को उपदफा २ अनुसार प्रदेशसभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेशसभा सदस्यलाई मुख्यमन्त्रीमा नियुक्त गर्ने प्रयोजनका लागि आफ्नो दाबी पेस गर्न आज प्रदेश प्रमुखले आह्वान गर्नुभएको छ ।

प्रदेश प्रमुखको कार्यालयले इच्छुक प्रदेशसभा सदस्यलाई २०८३ साल मङ्सिर ४ गते शुक्रबार दिउँसो ४ बजेभित्र मधेश प्रदेशको मुख्यमन्त्री पदमा नियुक्तिका लागि आफ्नो दाबी पेस गर्न समय सीमा तोकेको छ ।

रास्वपा र सरकारबिच विवाद छैन : सभापति लामिछाने

खबर दर्पण समाचारदाता

कार्तिक २८ गते, बर्दिवास

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले पार्टी र सरकारबिच कुनै विवाद नरहेको स्पष्ट पार्नुभएको छ ।

जनकपुरधाममा आज आयोजित छठ पर्वको शुभकामना आदानप्रदान कार्यक्रममा उहाँले सरकारलाई पार्टीले दिने सुझाव र आलोचनालाई विवाद वा फुटको सङ्केतका रूपमा बुझ्न नहुने बताउनुभयो । पार्टीभित्रको बहस र आलोचना आन्तरिक लोकतन्त्रको अभ्यास भएको उहाँको भनाइ थियो ।

सरकारलाई कहिलेकाहीं सुझाव र आलोचना दिँदा अनावश्यक हल्ला हुने गरेको उल्लेख गर्दै उहाँले त्यस्ता हल्लामा विश्वास नगर्न आग्रह गर्नुभयो । सरकार आफ्ना प्रतिबद्धता पूरा गर्न केन्द्रित रहेको उहाँले बताउनुभयो ।

सभापति लामिछानेले यसपटक जनताले रास्वपालाई परिवर्तनको अवसर दिएको उल्लेख गर्दै मधेशका जनताले त्यसको अनुभूति गर्न नसके आगामी निर्वाचनमा आफू मत माग्न नआउने बताउनुभयो । जनतालाई झुक्याएर मत माग्ने राजनीति आफूलाई स्वीकार्य नहुने उल्लेख गर्दै उहाँले प्राप्त अवसरलाई धोका नदिन पार्टीका नेता तथा कार्यकर्तालाई आग्रह गर्नुभयो ।



उहाँले पार्टीको उम्मेदवार बनाइदिने भन्दै केही व्यक्तिले अग्रिम रकम माग्न थालेको सूचना आफूले पाएको बताउनुभयो । रास्वपाले अहिलेसम्म कसैलाई पनि निर्वाचनको टिकट दिने वाचा नगरेको स्पष्ट पार्दै उहाँले टिकट दिलाइदिने प्रलोभनमा रकम माग्ने व्यक्तिबाट सचेत रहन आग्रह गर्नुभयो ।

"उम्मेदवार म बनाइदिन्छु टिकट म दिलाइदिन्छु भनेर अग्रिम र कम मागिएको सुनिएको छ। म आज यही मञ्चबाट घोषणा गर्दछु कि त्यस्ता सबै अग्रिम र कम डुबे", उहाँले भन्नुभयो । टिकटको प्रलोभन देखाएर रकम माग्ने व्यक्तिविरुद्ध नजिकको प्रहरी कार्यालयमा उजुरी दिन आग्रह गर्दै उहाँले पार्टीको विधि र विधानविपरीत आर्थिक लेनदेन गर्नेबारे सूचना दिनेलाई विशेष सम्मान गरिने बताउनुभयो ।

"मधेशले मालिक खोजेको होइन, सेवक खोजेको हो। हामीले फेर्नुपर्ने हाम्रा सांसदको जीवनशैली होइन, मतदाताको जीवन फेर्नुपर्नेछ", उहाँले भन्नुभयो ।

लामिछाने दम्पतीले जनकपुरधाममा मनाए खरना

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने र उनकी पत्नी निकिता पौडेल लामिछानेले जनकपुरधाममा छठ पर्वअन्तर्गत आज साँझ खरना व्रत मनाएका छन्।

लामिछाने दम्पतीले जनकपुरधामको शिवचोकस्थित स्थानीय नरेश साहको घरमा पुगेर छठ पर्वको खरना विधि सम्पन्न गरेका हुन्।

छठ पर्वको धार्मिक, सांस्कृतिक तथा पारम्परिक महत्त्वलाई आत्मसात् गर्दै विधि र परम्पराअनुसार पर्व मनाउन उनीहरू आज जनकपुरधाम पुगेका हुन्।

छठ पर्वका अवसरमा जनकपुरधाम आएका लामिछाने दम्पतीले यहाँको धार्मिक तथा सांस्कृतिक गतिविधिमा सहभागी हुँदै खरना व्रत मनाएका हुन्।

चार दिवसीय छठ अन्तर्गत खरना विधि मनाइयो

धर्वेन्द्रकुमार यादव 'यदुवंशी'
कार्तिक २८ गते, महोत्तरी

मिथिलाञ्चलको महान् पर्व छठअन्तर्गत आज शनिबार खरना विधि मनाइएको छ। चार दिनसम्म विभिन्न विधि र प्रक्रियासहित मनाइने छठ पर्वको दोस्रो दिन खरना मनाइएसँगै मिथिलाञ्चलमा छठको रौनक थपिएको छ।

छठ पर्वको पहिलो दिन शुक्रबार व्रतालुले स्नान गरी चोखो वस्त्र धारण गरेर शुद्ध भोजन गरेका थिए। चतुर्थी तिथिमा मनाइने यस विधिलाई 'नहाय-खाय' वा 'अरबा-अरबाइन' भनिन्छ। यस दिन व्रतालु नदी, पोखरी, तलाउ तथा अन्य जलाशयमा गई स्नान गरेर शुद्ध भई अरबा चाममललगायत सात्त्विक भोजन गर्ने परम्परा छ।

पर्वको दोस्रो दिन पञ्चमी तिथिमा 'खरना' विधि गरिन्छ। यस दिन व्रतालु दिनभरि निर्जला उपवास बसेर साँझ स्नान गरी पूजा कोठामा प्रसाद तयार गर्छन्। जनकपुरधामको किशोरी नगरकी व्रतालु ज्योति झाका अनुसार खरनाका दिन नयाँ चुलोमा प्रसाद पकाउने र कुलदेवताको पूजा गरी चन्द्रमालाई अर्घ्य दिएपछि प्रसाद ग्रहण गर्ने चलन छ।

उहाँका अनुसार खरनाको प्रसादका रूपमा विशेषगरी खीर , पाकेको केरा तथा अन्य शुद्ध खाद्य सामग्री चढाउने गरिन्छ। खरनाको प्रसाद ग्रहण गरेपछि व्रतालुले छठको मुख्य व्रत अर्थात् निर्जला उपवास सुरु गर्छन्।

क्षीरेश्वरनाथ नगरपालिका-५, महेन्द्रनगरकी ७५ वर्षीया गीता देवी झा खरना विधिको धार्मिक तथा सांस्कृतिक महत्व रहेको बताउनुहुन्छ। उहाँका अनुसार यस दिन आँगनलाई गाईको गोबरले लिपपोत गरी अरबा चामलको पिठोबाट तयार पारि एको घोलले भूमि सजाउने पर म्परा छ। राति चन्द्रोदयपछि चन्द्रमालाई पायस (खीर) अर्पण गरी व्रतालुले त्यही प्रसाद ग्रहण गर्छन्।

छठको तेस्रो दिन षष्ठी तिथिमा मुख्य पूजा गरिन्छ। यस दिन गहुँ र चाममललाई ओखल, जातो वा ढिकीमा कुटेर पिठो तयार पारि न्छ। त्यसबाट ठेकुवा, भुसुवा, कसारलगायत विभिन्न परम्परागत परिकार बनाइन्छ। पूजाका लागि फलफूल, उखु, अदुवा, मुला, केरा तथा अन्य कृषि उपज पनि तयार पारिन्छन्।

क्षीरेश्वरनाथ नगरपालिका-५, महेन्द्रनगरकी ६२ वर्षीया संगीता देवी ठाकुर छठका पूजासामग्री तयार पार्दा विशेष सावधानी अपनाउनुपर्ने बताउनुहुन्छ। उहाँका अनुसार पूजाका सामग्री शुद्ध र चोखो हुनुपर्छ। सामग्री जुठो भएमा अनिष्ट हुने जनविश्वास रहेकाले सरसफाइ र पवित्रतामा विशेष ध्यान दिइन्छ। षष्ठीका दिन साँझ व्रतालु जलाशयमा पुगेर अस्ताउँदो सूर्यलाई अर्घ्य अर्पण गर्छन्।

पर्वको चौथो तथा अन्तिम दिन सप्तमी तिथिमा 'पारन' गरिन्छ। यस दिन बिहानै व्रतालु पुनः जलाशयमा पुगेर उदाउँदो सूर्यलाई अर्घ्य अर्पण गर्छन्। त्यसपछि छठ व्रत सम्पन्न गरी प्रसाद ग्रहण गरेर उपवास तोड्ने परम्परा छ।

पण्डित लालबाबु झाका अनुसार अर्घ्य अर्पणपछि सूर्य पुराण श्रवण गर्ने तथा छठ व्रतको कथा सुन्ने र सुनाउने चलन छ। पूजास्थलमा टुप्पोमा पात भएका चारवटा उखु गाडेर मण्डप बनाउने र त्यसैभित्र पूजा गर्ने परम्परा पनि रहेको उहाँ बताउनुहुन्छ।

छठ केवल धार्मिक अनुष्ठान मात्र नभई सत्य, अहिंसा, प्रकृतिप्रतिको सम्मान र सामाजिक सद्भावको प्रतीकसमेत बनेको छ। जनकपुरका वरिष्ठ पत्रकार तथा मैथिली साहित्यकार रामभरोस कापडीका अनुसार छठले मानिसमा सत्य र अहिंसाप्रतिको रुचि बढाउनुका साथै सबै जीवप्रति सहानुभूति राख्न प्रेरित गर्छ।

छठ पर्वका लागि अहिले जनकपुरधामसहित सम्पूर्ण मिथिलाञ्चलका पोखरी, तलाउ, नदी तथा सडक क्षेत्र सजाइएका छन्। जनकपुरधामका ऐतिहासिक गङ्गासागर, धनुषसागर, रामसागर, रत्नसागर, बिहारकुण्ड, रुक्मिणी

बाँकी पृष्ठ ३ मा



लागुऔषध दुर्व्यसन नियन्त्रण गरौं

- लागुऔषधबाट हुने स्वास्थ्य, सामाजिक र पारिवारिक असरबारे सचेत बनौं,
- युवा तथा बालबालिकालाई सिर्जनात्मक कार्यमा सहभागी गराऔं,
- साथीको दबाव वा गलत संगतबाट जोगिन प्रेरित गरौं,
- लागुऔषध कारोबार र दुर्व्यसनविरुद्ध सचेतना बढाऔं,
- समस्यामा परेकालाई घृणा होइन, सहयोग र पुनर्स्थापनाको अवसर दिऔं,
- परिवार, विद्यालय र समुदायबीच सहकार्य बढाऔं,
- लागुऔषध प्रयोग नगरौं/नगराऔं।

लागुऔषध मुक्त, सुरक्षित र जिम्मेवार समाज निर्माणमा योगदान गरौं

औरही नगरपालिका, महोत्तरी

बाल अधिकारको संरक्षण गरौं

- बालबालिकाको अधिकारको सम्मान गरौं,
- बालश्रम, बालविवाह, बालहिंसा तथा सबै प्रकारका शोषणको अन्त्य गरौं,
- बालबालिकालाई गुणस्तरीय शिक्षा, स्वास्थ्य र पोषण सुनिश्चित गरौं,
- बालमैत्री, सुरक्षित र भेदभावरहित वातावरण निर्माण गरौं,
- बालबालिकाको विचार र सहभागितालाई उचित सम्मान गरौं,
- बालबालिकालाई अनलाइन तथा साइबर जोखिमबाट सुरक्षित राखौं,
- परिवार, विद्यालय र समुदाय मिलेर बाल अधिकारको संरक्षणमा सक्रिय बनौं,

समुन्नत राष्ट्र निर्माणका लागि बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं।

सोनमा गाउँपालिका, महोत्तरी

नागरिकमैत्रीः सार्वजनिक सेवा

- सेवाग्राहीप्रति सम्मान, शिष्टता र समान व्यवहार गरौं,
- छिटो, सरल, पारदर्शी र गुणस्तरीय सेवा प्रदान गरौं,
- सेवासम्बन्धी सूचना, प्रक्रिया र शुल्क स्पष्ट रूपमा उपलब्ध गराऔं,
- प्रविधिमैत्री तथा डिजिटल सेवाको प्रभावकारी उपयोग गरौं,
- सेवाग्राहीका गुनासा, सुझाव र प्रतिक्रियालाई सम्बोधन गरौं,
- सुशासन, इमानदारीता, जवाफदेहिता र उत्तरदायित्वलाई आत्मसात् गरौं,
- सार्वजनिक सेवालाई विश्वासयोग्य, पहुँचयोग्य र नागरिककेन्द्रित बनाऔं।

सेवाग्राहीको सन्तुष्टि नै सार्वजनिक सेवाको सफलता हो।

मटिहानी नगरपालिका, महोत्तरी

☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

जनकपुर

धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि.	५२५८००
जनपा वारुण यन्त्र	५२००११
एम्बुलेन्स (सरोज फाउण्डेशन)	५२२८०६
एम्बुलेन्स (मारवाडी सेवा समिति)	–५२२७६२, ५२१७८४
एम्बुलेन्स (जानकी मेडिकल कलेज)	–५२६०९०, ५२६०९१
महाविर युवा कमिटी ऐंबुलेंस्	२५९८०
कृष्णा नर्सिंग होम	५२१९१८
जनकपुर मेडिकल सेन्टर	५२०७१४
जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर	५२३३२८
जनकपुर रेल्वे	५२०२११
आँखा अस्पताल	५२०३९७
जनकपुर सुरक्षा गुल्म	५२०१८६/५२६५८६
प्रहरी	५२००९९
एम्बुलेन्स रेडक्रस	१०२
जनकपुर अञ्चल अस्पताल	५२००३३
बछ्यौर प्रसुति सेवा केन्द्र	५२२४५७
विद्युत फ्युज शाखा	५२०१५१
बुद्ध एयर	५२५०२२
गोर्खा एयर	५२१२९४
सीता एयर	५२५९९०
जानकी केबल टिभी नेटवर्क	५२३७२८

वर्दिवास

बर्दिवास अस्पताल	५५००९०
ट्राफीक प्रहरी	५५००५५
छिन्नमस्ता सशस्त्र प्रहरी गण	५५०४०४
जिल्ला खानेपानि (गौरी डाडाँ)	५५०००५
ढल्केवर (नो लाईट)	०४१-५६००६८
सुरक्षा क्याम (रेडियो नेपाल)	५५००२३
बर्दिवास नगरपालिका	५५००३१
खानेपानि कार्यालय	५५०११०
प्रहरी	५२०१९९
प्रहरी	५२००९९
बर्दिवास दुरसञ्चार	५५००००
पारिजात स्मृति अस्पताल	५५०३७२
नेपाल परिवार नियोजन संघ	५५०१०७
इलाका प्रहरी कार्यलय वर्दिवास	५५०००६
खानेपानी बर्दिवास	५५०१४३
रेडक्रस एम्बुलेन्स	५२०१००
मेरी स्टोप्स सेन्टर	५५०१२६
शुभ स्वस्तिक हस्पिटल	५५०२५५
जनसेवा हस्पिटल	५५०४०६
बर्दिवास आँखा अस्पताल	५५०४७७
इलाका प्रशासन कार्यालय वर्दिवास	५५०६६८
IRDS समाज सहकारी अस्पताल	५५०४०१

ढल्केवर

खानेपानी	९८२४८०५९५०
इलाका प्रहरी कार्यालय	०४१-५६०१००
प्रहरी	५२००९९
विद्युत फ्युज शाखा	०४१-५६०१६८
एम्बुलेन्स	९८०४८६७५५४
एम्बुलेन्स	९८१५८३२०३२
ओम शान्ति पोलिक्लिनिक	०४१-५६०१५२

जलेश्वर

अस्पताल	५२००७०
प्रहरी	५२०००९
अस्थायी प्रहरी चौकी भीठामोड	५२०२०९
एम्बुलेन्स	५२०१००
विद्युत्	५२००६६
विद्युत्	५२०११६

महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०
एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६
इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

खबर दर्पण
राष्ट्रिय दैनिक

चार दिवसीय छठ .....

सरोवर, अरगजा, महाराजसागर र अग्निकुण्डलगायतका जलाशयमा छठ पूजाको विशेष तयारी गरिएको छ।

दसैँ-तिहारको रौनक नसकिँदै मिथिलाञ्चलमा छठको तयारी सुरु हुन्छ। पारिवारिक सुख, शान्ति, समृद्धि, आरोग्यता र मनोकामना पूरा हुने विश्वासका साथ सूर्यको उपासना गरी यो पर्व मनाइन्छ। यस पर्वमा सूर्य र प्रकृतिको पूजा गरिने भएकाले जलाशय, सरसफाइ र वातावरणको संरक्षणले पनि विशेष महत्व पाउने गरेको छ। अहिले तराई-मधेशका हाटबजार , सडक र गल्लीमा छठका पूजासामग्रीको किनमेल बढेको छ। माटोबाट बनाइएका कलश, दियो, हात्ती तथा बाँसको चोयाबाट निर्मित नाङ्लो, डगरा, सुपली, छैटी, ढकनी र बेनालगायत सामग्रीले बजार सजिएका छन्। उखु, केरा, अदुवा, मुला, सख्खर, गहुँको पिठोबाट बनाइने परम्परागत बुट्टे ठेकुवा, खीर र बतासाजस्ता परिकारले छठको सांस्कृतिक पहिचान झल्काउँछन्।

छठ पर्वले स्थानीय कृषि उत्पादन र परम्परागत हस्तकलालाई समेत बजार उपलब्ध गराउँदै आएको छ। माटाका भाँडाकुँडा कुम्हाले समुदायले बनाउँछन् भने बाँसका सामग्री डोम समुदायका हस्तकलाकर्मीले तयार पार्छन्। डोम समुदायले बुनेका नाङ्लो, डगरा, सुपली, छैटी र बेनाजस्ता सामग्री छठ पूजाका लागि अनिवार्यजस्तै मानिन्छन्।

समाजशास्त्री नागेन्द्र दुबे छठका अवसरमा सडक किनारमा लाग्ने बजारलाई तराईको संस्कृति, कृषि र सामाजिक विविधता बुझाउने खुला संङ्गहालयका रूपमा लिनुहुन्छ। उहाँका अनुसार छठमा विभिन्न जातजाति र समुदायका मानिस एकै ठाउँमा भेला भएर सूर्यको उपासना गर्छन्। यसले सामाजिक विभेद र भौगोलिक सीमाभन्दा माथि उठेर सामूहिक आस्था र एकताको सन्देश दिन्छ।

मैथिली संस्कृति जानकार पुनम झाका अनुसार मूलतः मधेशी समुदायको प्रमुख पर्वका रूपमा स्थापित छठ अहिले पहाडी समुदायका महिलाले पनि श्रद्धा र भक्तिपूर्वक मनाउने गरेका छन्। सिन्दूरले सिउँदोदेखि नाकको टुप्पोसम्म सजिएर साडीको आँचलले शिर ढाक्दै सूर्यको आराधना गर्ने महिलाको सहभागितासहित सामाजिक सद्भावको सुन्दर दृश्य प्रस्तुत गर्ने उहाँको भनाइ छ।

अर्थशास्त्री सञ्जय साह छठ पर्वले सामाजिक तथा आर्थिक जीवनमा समेत विशेष प्रभाव पार्ने बताउनुहुन्छ। उहाँका अनुसार दसैँ मनाउन राजधानी काठमाडौँबाट गाउँ फर्किनेहरू



दसैँपछि पुनः राजधानी फर्किएसँगै छठ मनाउन तराई-मधेशका व्यापारी, कर्मचारी, मजदुर र विद्यार्थी घर फर्किने गर्छन्। यस क्रममा समुदायबीच काम र जिम्मेवारी हस्तान्तरण हुने भएकाले समाजको आर्थिक तथा सामाजिक चक्र निरन्तर चलायमान रहन्छ।

पछिल्लो समय छठ पर्वमा मुस्लिम धर्मावलम्बीसहित विभिन्न समुदायको सहभागिता पनि बढ्दै गएको देखिन्छ। जात, धर्म, वर्ग र आर्थिक अवस्थाभन्दा माथि उठेर सबैले एउटै जलाशयमा भेला भई सूर्यको आराधना गर्ने परम्पराले यस पर्वलाई साझा सांस्कृतिक उत्सवका रूपमा स्थापित गरेको छ।

वर्षौंदेखि भेटघाट नभएका आफन्त, साथीभाइ र छिमेकीसमेत छठका अवसरमा एकै ठाउँमा भेला हुने भएकाले यस पर्वले आपसी सम्बन्ध नवीकरण र सामाजिक मेलमिलापमा योगदान पुऱ्याउँदै आएको छ। यस अर्थमा छठ सूर्य उपासनाको पर्व मात्र नभई प्रकृति संरक्षण, स्थानीय उत्पादनको प्रवर्द्धन, सांस्कृतिक पहिचान र सामाजिक एकताको बलियो सेतुका रूपमा स्थापित हुँदै गएको छ।

विषाक्त च्याउ नखाऔं: सुरक्षित बनौं

- जंगली च्याउ खानुअघि यसको पहिचान र सुरक्षाबारे सुनिश्चित गरौं,
- अपरिचित च्याउ टिप्ने र खानेबानी त्यागौं,
- विषालु च्याउको प्रयोगबाट हुने स्वास्थ्य जोखिमबारे सचेत बनौं,
- च्याउ खाएपछि असहज लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा जाऔं,
- स्थानीय स्तरमा च्याउ विषाक्तता सम्बन्धी जनचेतना फैलाऔं,
- सुरक्षित र पहिचान भएको खाद्य पदार्थ मात्र सेवन गरौं।

बिषाल च्याउ खाँदा स्वास्थ्यमा ठूलो जोखिम हुन सक्छः सावधानी अपनाऔं

जलेश्वर नगरपालिका, महोत्तरी

सूचनाको हकः नागरिकको मौलिक अधिकार

- सार्वजनिक सरोकारका सूचना प्राप्त गर्नु नागरिकको अधिकार हो,
- सार्वजनिक सरोकारका सूचना उपलब्ध गराउनु राज्यको दायित्व हो,
- सही, तथ्यपरक र आधिकारिक सूचना आदान–प्रदान गरौं,
- सार्वजनिक निकायमा कानुनबमोजिम सूचना अधिकारी तोक्ने गरौं,
- डिजिटल प्रविधिको प्रयोग गरी सूचनामा नागरिकको पहुँच विस्तार गरौं,
- प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुन्छ, तर कानुन बमोजिम गोप्य राखु पर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पार्न मिल्दैन।

मनरा सिस्वा नगरपालिका, महोत्तरी

इलेक्ट्रिक चुरोट (भेप) को प्रयोग नगरौं

- इलेक्ट्रिक चुरोट सुरक्षित विकल्प हो भन्ने भ्रमबाट बचौं,
- निकोटिनयुक्त पदार्थले स्वास्थ्यमा पार्ने असरबारे सचेत बनौं,
- बालबालिका तथा युवालाई इलेक्ट्रिक चुरोटको आकर्षणबाट जोगाऔं,
- धूम्रपान तथा निकोटिनजन्य पदार्थको प्रयोगबाट टाढा रहौं,
- इलेक्ट्रिक चुरोटको प्रयोग र लतबाट बचौं,
- परिवार र समाजमा धूम्रपानमुक्त वातावरण निर्माण गरौं।

स्वस्थ जीवनशैली र सकारात्मक बानीको विकास गरौं

सम्सी गाउँपालिका, महोत्तरी

लामखुट्टेबाट सर्ने रोगबाट बचौं

- लामखुट्टेको टोकाईबाट औलो (मलेरिया), डेंगी, कालाजार, जापानीज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लाग्न सक्दछ।

त्यसैले, लामखुट्टेको टोकाईबाट बच्नः

- घर वरिपरि पानी जम्न नदिऔं,
- घर तथा गोठ वरिपरि सफा सुग्घर राखौं,
- गोठ तथा खोर घरभन्दा टाढा बनाऔं,
- शरिर ढाक्ने कपडा लगाऔं,
- सुत्दा झुल टाँगेर मात्र सुतौं,
- झ्याल तथा ढोकामा लामखुट्टे पस्न नदिन जाली लगाऔं।

लामखुट्टेको टोकाईबाट बचौं र बचाऔं

महोत्तरी गाउँपालिका, महोत्तरी

बाढी/पहिरोबाट सचेत होऔं

बाढी/पहिरो आउनुअघिः

- स्थानीय रेडियो वा अन्य माध्यमबाट मौसमको जानकारी लिऔं,
- खोला, नदी तथा जोखिमपूर्ण ठाउँबाट सुरक्षित स्थानमा जाऔं,
- घरको नजिक पहिरो खस्न सक्ने ठाउँ भए सावधानी अपनाऔं,
- आपतकालीन झोला (प्राथमिक उपचार सामग्री, टर्चलाइट, खानेकुरा, लुगालगायत) तयार राखौं,
- जोखिममा परेका बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिहरूको सुरक्षामा प्राथमिकता दिऔं।

बाढी/पहिरो आएमाः

- अनावश्यक हिंडडुल नगरौं,
- सुरक्षित स्थानतर्फ जाऔं,
- विजुलीका तार तथा खम्बाबाट टाढा रहौं,
- खोलानाला सुरक्षित तवरले तरौं,
- अफवाह नफैलाऔं, सत्य सूचनामात्र आदान–प्रदान गरौं,
- घाइते वा फसेका व्यक्तिको उद्धारमा सहयोग गरौं

पिपरा गाउँपालिका, महोत्तरी

सर्पको टोकाइबाट बचौं र बचाऔं

- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
- घरवरपरका सर्प बस्नसक्ने सम्भावित ठाउँको पहिचान गरी व्यवस्थापन गरौं,
- रातको समयमा बुट लगाएर टर्च लाईट बालेर हिड्ने गरौं,
- घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
- झुल लगाएर खाटमा सुत्ने गरौं।

रामगोपालपुर नगरपालिका, महोत्तरी

छठको प्रत्यक्ष अनुभव गर्न मधेश आएको हुँ : राजश्वपा सभापति लामिछाने

खबर दर्पण समाचारदाता

कार्तिक २८ गते, बर्दिवास

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले जनकपुरधामको छठ पर्वले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा महत्व पाइरहेको अवस्थामा यसको प्रत्यक्ष अनुभव गर्न आफू मधेश आएको बताउनुभएको छ।

जनकपुरधाम विमानस्थलमा सञ्चारकर्मीसँग संक्षिप्त कुराकानी गर्दै उहाँले महापर्वका रूपमा स्थापित छठमा सहभागी हुन पाउनु आफ्नो लागि सौभाग्यको विषय भएको बताउनुभयो। आफूहरू अध्यात्ममा विश्वास गर्ने भएकाले छठ पर्वका विभिन्न विधि तथा प्रक्रियामा सहभागी हुन श्रीमतीसहित जनकपुरधाम आएको उहाँले स्पष्ट पार्नुभयो। यसअघि पनि आफू विभिन्न धार्मिक तथा आध्यात्मिक पीठ र अनुष्ठानमा सहभागी हुँदै आएको उल्लेख गर्दै उहाँले आफ्नो धार्मिक आस्थालाई अन्यथा रूपमा नलिन आग्रह गर्नुभयो।

सभापति लामिछानेलाई स्वागत गर्न जनकपुरधाम विमानस्थलमा स्वास्थ्य तथा खाद्य सुरक्षामन्त्री निशा मेहता, रास्वपा नेता तथा धनुषा निर्वाचन क्षेत्र नम्बर-३ का प्रतिनिधिसभा सदस्य मनिष झा, पूर्वमन्त्री बब्लु गुप्ता



लगायत प्रतिनिधिसभा सदस्य, पार्टीका नेता तथा कार्यकर्ताको उल्लेख्य उपस्थिति थियो।

जनकपुरधामस्थित ऐतिहासिक गङ्गासागरसहित विभिन्न पोखरी तथा जलाशयमा छठ पर्वको तयारी भइरहेका बेला लामिछानेको आगमनलाई धार्मिक तथा राजनीतिक वृत्तमा चासोका साथ हेरिएको छ।

सामा चकेवा पर्व सुरु

खबर दर्पण समाचारदाता

कार्तिक २८ गते, बर्दिवास

मिथिलाञ्चलमा दाजुभाइ तथा दिदीबहिनीबीचको प्रेम, आत्मीयता र पारिवारिक सम्बन्धको प्रतीक मानिने सामा चकेवा पर्व आजदेखि सुरु भएको छ। छठ पर्वको तयारीसँगै मिथिलाञ्चलका गाउँबस्तीमा सामा चकेवा पर्वको रौनक छाएको छ।

कार्तिक शुक्ल पञ्चमीदेखि सुरु हुने यो पर्व १० दिनसम्म मनाइन्छ। पर्वको ११औँ दिन अर्थात् पूर्णिमाको राति सामा चकेवाको विधिपूर्वक विसर्जन गरेपछि पर्व समापन हुने परम्परा छ।

पर्वका अवसरमा मिथिलाञ्चलका दिदीबहिनी, छोरीबुहारी तथा महिलाले दाजुभाइको सुस्वास्थ्य, दीर्घायु र समृद्धिको कामना गर्दै गाउँका चौबाटो, दोबाटो तथा सार्वजनिक स्थानमा सामा चकेवा खेल्ने गर्छन्। पर्वको पहिलो दिन आज बिहानै महिलाहरू समूह बनाएर परम्परागत गीत गाउँदै गाउँबाहिरका खेत तथा भीर बाट दाजुभाइको हातबाट माटो खनेर ल्याउने चलन छ।

त्यही माटोबाट सामा, चकेवा, चुगला तथा अन्य आकृति बनाइन्छ। बनाइएका माटाका आकृति दिनभरि सुकाएपछि विभिन्न रङले सजाएर आकर्षक बनाइन्छ। साँझपख ती आकृतिलाई रातो रङको बाँसको डालामा राखेर दियो बाल्दै गाउँका चौक, चौराहा, दोबाटो, चौबाटो, विद्यालय, धर्मशाला, मन्दिर तथा छठघाटमा लगेर गीत गाउने र नाच्ने गरिन्छ।

स्वच्छ शहरः स्वस्थ्य शहर

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- सवारी साधनको समय-समयमा मर्मतसम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,
- नदी किनार, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
- सार्वजनिक स्थलका बोट-बिरुवा तथा फलफूलको संरक्षण गरौं,
- ध्वनि र वायु प्रदुषण कम गरौं,
- सडकको समय-समयमा मर्मतसम्भार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं।

शहरलाई सफा राखौः सुन्दर बनाऔं।

एकडारा गाउँपालिका, महोत्तरी

सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं

- सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
- सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
- चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
- अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
- समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं।

सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार

गौशाला नगरपालिका, महोत्तरी

कृषि उत्पादनमा आत्मनिर्भर बनौं

- आधुनिक प्रविधिको प्रयोग गरी कृषि उत्पादन वृद्धि गरौं,
- कृषकलाई आवश्यक मल, बीउ समयमै उपलव्ध गराऔं,
- स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउन बजार संयन्त्रको विकास गरौं,
- कृषकलाई सीप, तालिम र सहुलियतपूर्ण ऋण उपलव्ध गराऔं,
- जमिनको संरक्षण गरौं, खेतीयोग्य भूमिको सदुपयोग गरौं,
- कृषि उत्पादन बढाऔं र कृषि उपजमा आत्मनिर्भर बनौं,
- नवीन प्रविधि र अवसर उपलव्ध गराई युवाहरूलाई कृषिमा आकर्षित गरौं।

कृषि पेशा प्रति सम्मान र गौरव गरौं।

भंगहा नगरपालिका, महोत्तरी

जनावरबाट सर्ने रोगविरुद्ध सावधानी अपनाऔं

- जनावरसँगको सम्पर्कमा सावधानी अपनाऔं,
- जनावर छोएपछि साबुनपानीले हात सफा गर्ने बानी बसालौं,
- पशुपन्छीको स्वास्थ्यमा नियमित ध्यान दिऔं,
- अस्वस्थ वा मरेका जनावरको सम्पर्कबाट टाढा रहौं,
- पशुजन्य खाद्य पदार्थ राम्ररी पकाएर मात्र खाने गरौं,
- पशुबाट मानिसमा सर्न सक्ने रोगबारे सचेत बनौं,
- जनावरमा असामान्य लक्षण देखिएमा सम्बन्धित निकायलाई जानकारी गराऔं।

जनावरको स्वास्थ्य, मानव स्वास्थ्यसँग जोडिएकोले सावधानी अपनाऔं

बर्दिवास नगरपालिका, महोत्तरी

बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौं

- कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाऔं,
- अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं,
- पन्छी छोएपछि साबुनपानीले राम्रोसँग हात धुने बानी बसालौं,
- कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं,
- पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,
- शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं,
- पन्छीको अवैध ओसारपसार र बिक्री वितरण रोक्न सहयोग गरौं,
- स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाऔं।

सावधानी अपनाऔं, बर्डफ्लुको जोखिम घटाऔं

लोहापट्टी नगरपालिका, महोत्तरी

सचेत उपभोक्ता बनौं

सामान खरिद गर्दा देहायका बिषय एकिन गरौः

- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् बिक्री मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी।

सामान खरिद गर्दा सकेसम्म बैकिङ माध्यमबाट भुक्तानी गरौं

भुक्तानी गरेको मूल्य बराबरको बिल लिऔं

बलवा नगरपालिका, महोत्तरी

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२५८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२५०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,